फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं
(........शाखा)

पत्र संख्या :- ०७७/७८
चलानी नं.:- ४८२

मिति : २०७७/०८/२३

## प्रेस विज्ञप्ति

१. सहकारी ऐन, २०७४ को परिच्छेद-७ को दफा ५०(३) र नियमावलीको दफा ७६ (१) (झ) बमोजिम तथा राष्ट्रिय सहकारी महासंघ, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि., नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लि., नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. र राष्ट्रिय सहकारी बैंकका प्रतिनिधिहरु सम्मिलित बैठकको निर्णय एवं प्राप्त सुझाव समेतको आधारमा सहकारी विभागको मिति २०७७/०८/२२ को निर्णयअनुसार मिति २०७७ माघ १ बाट लागू हुने गरि सहकारी संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा देहाय अनुसार सेवा शुल्क निर्धारण गरिएको छ।

क)सहकारी संस्थाहरुले सदस्यलाई प्रवाह गर्ने कर्जामा नियमानुसार सम्झौता वमोजिमको व्याज रकम बाहेक अतिरिक्त शुल्क नलिने । तर कर्जा प्रवाह गर्दा संस्थाको अतिरिक्त खर्च पर्ने अवस्था भई अतिरिक्त शुल्क नलिई नहुने भएमा व्याज बाहेक अधिकतम **१ प्रतिशत**मा नबढ्ने गरी सेवा शुल्क लिन बाधा नपर्ने ।

ख)सहकारी संस्थाले समुह सिर्जना गरी सामुहिक जमानीमा (लघुवित्त) कर्जा लगानी गरेको हकमा संस्थाको अतिरिक्त खर्च पर्न गई अतिरिक्त शुल्क नलिइ नहुने अवस्थामा व्याज बाहेक अधिकतम **१.५ प्रतिशत**मा नबढ्ने गरी सेवा शुल्क लिन बाधा नपर्ने ।

ग)नियमानुसार कर्जाको व्याज र सेवा शुल्क लिएकोमा थप प्रक्रिया शुल्क, प्रशासन शुल्क जस्ता कुनै पनि अतिरिक्त शुल्कहरु लिन नपाइने ।

**२. सेवा शुल्क निर्धारण सम्बन्धमा सहकारी ऐन, २०७४ र नियमावली, २०७५मा भएका व्यवस्थाहरु**

२.१ सहकारी ऐन, २०७४ को परिच्छेद-७ को दफा ५०(३) मा "सहकारी संस्थाले सदस्यहरुलाई प्रदान गर्ने ऋणमा रजिष्ट्रारले अन्यथा तोकेकोमा बाहेक सेवा शुल्क र नविकरण शुल्क सम्वन्धित संस्थाको कार्यविधिले तोके वमोजिम हुनेछ।" भन्ने व्यवस्था रहेको छ।

२.२ सहकारी नियमावली, २०७५ को नियम ७६ (१) (झ) मा सहकारी संस्थाहरूको विकास, सहकारी सिद्धान्त, मूल्य मान्यताहरुको प्रचलन तथा सहकारी संस्थाहरुमा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने रजिष्ट्रारको काम, कर्तव्य र अधिकार उल्लेख भएको ।

३. सेवा शुल्क निर्धारण गर्ने कार्यको अलवा सहकारी विभागले सहकारी संस्थाहरुको सन्दर्भ व्याजदर निर्धारण गर्ने कार्य सम्पन्न गरेको छ । साथै विभागले सहकारी तथा गरिवी सम्वन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) को प्रभावकारी कार्यान्वयनलाई मुख्य प्राथमिकतामा राखेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्वीकृतिमा साधारण सभा (कार्य व्यवस्था) कार्यविधि, २०७६, सम्पत्ति

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं
(.......................शाखा)

पत्र संख्या :- ०७७/७८
चलानी नं.:- ८६२

शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन (दोश्रो संसोधन), २०७७, बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको सुपरिवेक्षण, निर्देशन तथा अनुगमन कार्यविधि,२०७७, सहकारी क्षेत्रको वित्तीय प्रतिवेदन ढाँचा (लेखा नीति, लेखा सूची र लेखा मापदण्ड, २०७६, सहकारी प्रवर्द्धन कोष सञ्चालन कार्यविधि, २०७६, बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६, सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रको कार्यसञ्चालन कार्यविधि, २०७७ तर्जुमा गरिसकेको छ । सहकारी क्षेत्रमा सुशासनको लागि आवश्यक नीतिगत तथा सस्थागत संरचना बनाउने कार्यतर्फ विभाग अग्रसर रहेको व्यहोरा निर्णयअनुसार अनुरोध छ ।

२०७७।८।२३
शोभा घिमिरे
(शाखा अधिकृत)